# भाषा, कला र संस्कृति प्रवर्द्धन कार्यविधि, २०७५

**पथरी शनिश्चरे कार्यपालिकाको कार्यालय**

पथरी, मोरङ

कार्यपालिकाद्वारा स्वीकृत मितिः

**प्रस्तावना :**

भाषा, कला, साहित्य र संस्कृति समाजको ऐना हो र मुलुकको अमर निधि हो । जसले समाजको अवस्थालाई चित्रित गर्दै सभ्य, मानवीय मुल्य मान्यता स्थापित गर्न सृजनशिल र समुन्नत समाज निर्माणमा अहम भूमिका निर्वाह गर्दछ । संघीयताको संरचनामा यस प्रकारका निधिको प्रवर्द्धन गर्नु स्थानीय सरकारका रुपमा रहेको स्थानीय निकायको जिम्मेवारी हो । प्रचलित कानुन बमोजिम दर्ता भई नगरमा भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण, विस्तार एवम् प्रवर्द्धनमा क्रियाशिल नाफा रहित संस्थाहरुको प्रवर्द्धन तथा भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा क्रियाशिल सर्जकको प्रोत्साहनका लागि अनुदानमा कार्यक्रमका साथै तत् सम्वन्धी गतिविधि अघि बढाउन नगरपालिका प्रतिवद्ध छ । नेपालको संविधान ०७२ को अनुसूची ८ को स्थानीय तहको अधिकार सूची अन्तर्गत दफा २२ मा भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्वन्धी प्रावधानमा रहेर प्रतिष्ठानको अवधारणामा वनेको **भाषा, कला र संस्कृति प्रवर्द्धन समिति**मार्फत कार्यक्रम/योजना अघि बढाउन '**भाषा, कला र संस्कृति प्रवर्द्धन कार्यविधि, २०७५' जारी गरिएको छ ।**

## परिच्छेद- १

### १. संक्षिप्त नाम र प्रारम्भ

(१) यो कार्यविधिको नाम ''**भाषा, कला र संस्कृति प्रवर्द्धन कार्यविधि, २०७५**' रहेको छ ।

(२) यो कार्यविधि पथरीशनिश्चरे नगरपालिकाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ ।

### २. परिभाषा

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यो कार्यविधिमाः-

(क) 'नगरपालिका' भन्नाले पथरीशनिश्चरे नगरपालिकालाई सम्झनु पर्दछ ।

(ख) ''संस्था'' भन्नाले प्रचलित कानुन बमोजिम दर्ता भई नगर क्षेत्रबाट नियमित रुपमा नवीकरण भएका साहित्य, कला र संस्कृतिका क्षेत्रमा सम्बद्ध संस्था सम्झनु पर्दछ ।

(ग) ''सर्जक'' भन्नाले साहित्य, कला र संस्कृतिका क्षेत्रमा क्रियाशिल व्यक्तित्व सम्झनु पर्दछ ।

(घ) 'समिति' भन्नाले 'भाषा, कला र संस्कृति प्रवर्द्धन समिति समिति सम्झनुपर्छ ।

(घ) ''कार्यविधि'' भन्नाले '**भाषा, कला र संस्कृति प्रवर्द्धन कार्यविधि, २०७५**'लाई सम्झनु पदर्छ ।

## परिच्छेद- २

### ३, भाषा, कला र संस्कृति प्रवर्द्धन समिति :

मौलिक तथा विभिन्न जातजातिका भाषा र संस्कृतिको संरक्षण, प्रवर्द्धन, साहित्य र कलाको प्रोत्साहन, प्रवर्द्धनका गोष्ठी, कार्यशाला, गायन, संगीत, नृत्य, चित्रकला, मूर्तिकला, अभिनय कला, उद्घोषण कला, लेखनकला, सृजनात्मक गतिविधिका कार्यक्रम, नाटकघर निर्माण, नाटक प्रस्तुति, वृत्तचित्र (डकुमेन्ट्री) निर्माण, कार्यपत्र प्रस्तुति, खोज तथा अनुसन्धान एवम् भाषा, कला, साहित्य र संस्कृतिका क्षेत्रमा क्रियाशिलहरुका लागि लेखनवृत्ती, सम्मान तथा पुरस्कारको व्यवस्था गर्न **भाषा, कला र संस्कृति प्रवर्द्धन समिति**मार्फत कार्यक्रम/योजना छनौट गर्ने छ । यसलाई नीति तथा कार्यक्रममा स्थायी योजनामा राख्न विनियोजित प्रवर्द्धनात्मक अनुदान रकमको बाँडफाँड, सुव्यवस्थित र पारदर्शी खर्च प्रक्रिया, नियमित अनुगमन्को उद्धेश्य राखी पथरीशनिश्चरे नगरपालिका कार्यालयले नगरको भाषा, साहित्य, कला र संस्कृतिको प्रवर्द्धनका लागि नगरपालिकाको एउटा अंग अर्थात उप समितिका रुपमा रहने गरी सो क्षेत्रमा क्रियाशिल संघ संस्थामा आवद्ध वा स्वतन्त्र व्यक्तिहरु सम्मिलित १३ सदस्य रहने गरी **'भाषा,**

**कला र संस्कृति प्रवर्द्धन समिति'** गठन गरिने छ । जुन समितिमार्फत नगरपालिकाले साहित्य, कला र संस्कृतिका क्षेत्रका गतिविधिहरु अगाडि बढाउने छ ।

**( १) समिति गठन सम्वन्धी व्यवस्था :**

(क) सदस्य सहित प्रमुख पदहरुमा पनि भाषा, साहित्य, कला र संस्कृति क्षेत्रका सर्जकहरुलाई तिनै क्षेत्रको प्रतिनिधित्व हुने गरी समितिमा समावेश गरिने छ ।

( ख) समितिमा अध्यक्ष, उपाध्यक्ष, सचिव, सहसचिव र कोषाध्यक्षका साथै अन्य ८ जना सदस्य रहने छन् ।

(ग) कानूनले परिभाषित गरेको नैतिक पतन हुने, भ्रष्टाचार र फौजदारी अभियोग लागेको व्यक्ति समितिमा संलग्न रहने छैन ।

(घ) साहित्यिका विविध विधा, कला अन्तर्गत गायन, संगीत, अभिनय, नृत्य, उद्घोषण, चित्रकला, मूर्तिकला सहितको ललितकला तथा संस्कृतिका क्षेत्रमा क्रियाशिलहरुलाई विषयत विधाका हिसावले समावेशी रुपमा समितिमा समाविष्ठ गराइने छ ।

(ङ) समितिका लागि सम्भव भएसम्म नगरका सवैजसो वडाहरुबाट प्रतिनिधित्व हुने गरी १३ जना सदस्य चुनिने र त्यसबाट सर्वसहमत रुपमा अथवा निर्वाचन प्रक्रियाबाट पद विभाजन गरिने छ ।

(च) सृजना क्षेत्रमा संलग्नताको आधारमा महिला, आदिवासी जनजाति, लोपोन्मुख, सिमान्तकृतलाई समेत प्राथमिकतामा राखेर समिति निर्माण गरिने छ ।

(छ) समितिको पदावधि ३ वर्षको हुने छ । अर्को समिति नबनेसम्मका लागि विद्यमान समिति क्रियाशिल भई अर्को समिति निर्माणमा संयोजनको भूमिका खेल्नेछ ।

(ज) नगरपालिकाको नियमनमा रही समितिले नगरपालिकाको वजेट, नीति तथा कार्यक्रमभित्र स्थाई कार्यक्रम माग गर्दै समग्र नगरको सृजनात्मक प्रवर्द्धनका गतिविधि सञ्चालन गर्नेछ ।

**(२) विभाग गठन सम्वन्धी व्यवस्था :**

(क) प्रवर्द्धन समिति मातहतमा साहित्य विभाग, भाषा संस्कृति विभाग, नाट्य विभाग, गीतसंगीत विभाग र चित्रकला मूर्तिकला विभाग गरी ५ वटा विभाग रहनेछन् । आवश्यक परे विभाग थपघट गर्न सकिने छ ।

(ख) प्रवर्द्धन समितिको पदाधिकारी वा सदस्यलाई प्रवर्द्धन समितिले विभागहरुको संयोजक बनाउने छ ।

(ग) विभागहरु कम्तिमा ५ र बढीमा १३ सदस्यीय हुनेछन् । तर भाषा संस्कृति विभागको सदस्य संख्या भनें आवश्यकता अनुसार राख्न सकिने छ ।

(घ) विभागको संयोजक प्रवर्द्धन समितिमार्फत चयन गरेपछि सम्वन्धित विभागमा आवद्ध हुने क्षेत्रका सर्जकहरुको भेलाले सदस्य सचिव सहितका अन्य सदस्यहरु चयन गरेर कार्यपालिका वैठकमा पेश गरी अनुमोदन गराउनु पर्नेछ ।

(ङ) विभागहरुले सम्वन्धित विषयत विधाका नीति, कार्यक्रम र योजना बनाई प्रवर्द्धन समितिमा पठाउनु पर्नेछ । प्रवर्द्धन समितिले त्यसलाई अनुमोदन गरी नगर कार्यपालिकामा पठाउनेछ ।

(च) विभागको पदावधि मुल समितिको अवधिको समयसँगै समाप्त हुनेछ ।

(छ) कानूनले परिभाषित गरेको नैतिक पतन हुने, भ्रष्टाचार र फौजदारी अभियोग लागेको व्यक्ति विभागमा संलग्न नरहने सहितको दफा १ र त्यसका उपदफाहरुको व्यवस्था अवलम्बन गरिने छ ।

## परिच्छेद- ३

## प्रतियोगिता, लेखनवृत्ती, पुरस्कार तथा सम्मान

**४, प्रतियोगिता :**

(१) समितिमार्फत वर्षमा एक पटक नगरभित्रका नवसर्जकका लागि कविता, गजल सहितका साहित्यिक विधाको प्रतियोगिता गराइने छ । जसमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई प्रवर्द्धन समितिको प्रस्तावमा नगर कार्यपालिकाले तोकेबमोजिमको पुरस्कार राशी प्रदान गरिने छ ।

(२) समिति मार्फत वर्षमा एक पटक नगरभित्रका नवसर्जकका लागि गीत संगीतको प्रतियोगिता गराइने छ । जसमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई प्रवर्द्धन समितिको प्रस्तावमा नगर कार्यपालिकाले तोकेबमोजिमको पुरस्कार राशी प्रदान गरिने छ ।

(३) समितिमार्फत वर्षमा एक पटक नगरभित्रका नवसर्जकका लागि चित्रकला / मूर्तिकलाको प्रतियोगिता गराइने छ । जसमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई प्रवर्द्धन समितिको प्रस्तावमा नगर कार्यपालिकाले तोकेबमोजिमको पुरस्कार राशी प्रदान गरिने छ ।

(४) समिति मार्फत वर्षमा एक पटक नगरभित्र अभिनयकलाको प्रतियोगिता गराइने छ । जसमा पहिलो, दोस्रो र तेस्रो हुनेलाई प्रवर्द्धन समितिको प्रस्तावमा नगर कार्यपालिकाले तोकेबमोजिमको पुरस्कार राशी प्रदान गरिने छ ।

**५, लेखनवृत्ती :**

प्रत्येक वर्ष नगरपालिका कार्यालयले तोकेको विषयमा खोजमुलक समाचार, लेख प्रकाशन प्रसारण गर्ने व्यक्तिलाई लेखनवृत्ती प्रदान गर्न सकिने छ । यसमा नगर क्षेत्रका सर्जकले मात्र सहभागिता जनाउन पाउने छन् ।

**(क) छनौट समिति :**

लेखनवृत्ती छनौटका लागि मुल समितिका संयोजकको संयोजकत्वमा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत र पत्रकार महासंघको प्रतिनिधि रहेको समिति रहने छ । आवश्यक परेको खण्ड अन्य सदस्य समेत थप गर्न सकिने छ ।

**६, सम्मान पुरस्कार :**

नगरमा साहित्य, कला र संस्कृतिको प्रवर्द्धन एवम् विकासमा टेवा पुर्‍याउने, सृजनशील समाज निर्माणमा महत्वपूर्ण भूमिका निर्वाह गर्ने एक जना सर्जकलाई प्रवर्द्धन समितिको प्रस्तावमा नगर कार्यपालिकाले तोकेबमोजिमको राशी सहित वर्षेनी पुरस्कार प्रदान गरिने छ । सर्जककै मुहारचित्र र सम्मानपत्रद्धारा 'सर्जक सम्मान' प्रदान गरिने छ ।

**(क) सम्मान पुरस्कार छनौट समिति :**

मुल समितिका संयोजक, प्रमुख प्रशासकीय अधिकृत र सम्वन्धित क्षेत्रका विज्ञ रहेको ३ सदस्यीय समिति रहने छ । आवश्यक परेको खण्डमा सम्वन्धित क्षेत्रका अन्य सदस्य समेत थप गर्न सकिने छ ।

## परिच्छेद- ४

## गोष्ठी एवम् कार्यक्रम

**७, गोष्ठी/ कार्यशाला :**

(१) प्रत्येक वर्ष नगरवाहिरका विशिष्ठ सर्जकहरु समेतलाई आमन्त्रण गरी साहित्य र कला क्षेत्रको अनुभव आदान प्रदान, अन्तरक्रिया समेतको साहित्य र कला सम्वन्धीको गोष्ठी/ कार्यशाला गरिने छ ।

**८, सामुहिक सृजनकर्म :**

नगर क्षेत्रका सर्जकहरुका लागि सामुहिक रुपमा कुनै पनि विधाको कृति प्रकाशनका लागि नगरपालिकाको स्वीकृतिमा प्रवर्द्धन समितिमार्फत कार्यक्रम प्रदान गरिने छ ।

**९, लोपोन्मुख भाषा र संस्कृतिका कार्यक्रम :**

समितिमार्फत लोपोन्मुख अवस्थामा पुगेका भाषा, कला, साहित्य र संस्कृतिको संरक्षण, विकास र प्रवर्द्धनका कार्यक्रमहरु सञ्चालन गरिनेछन् ।

## परिच्छेद- ५

## विविध

**१०, कोष :**

नगरपालिकाले र कुनै व्यक्तिले कसैको नाममा अक्षयकोष खडा गर्न सक्नेछन् । प्रोत्साहन र सम्मानका लागि सामाजिक व्यक्तित्व वा सामाजिक संघ संस्थाहरुले दिवंगतहरुको स्मृतिमा अक्षयकोषमार्फत वा सिधै रुपमा कुनै पनि सम्मान, पुरस्कार र उपचारको प्रवन्ध गर्न सक्ने व्यवस्था गरिएको छ । अक्षयकोषको विनियम निर्माण गरेर सम्मान, पुरस्कार व्यवस्थापन प्रवर्द्धन समितिले गर्न सक्नेछ ।

**११, प्रतिमा निर्माण :**

नगरका उपयुक्त ठाउँहरुमा नेपाली प्रसिद्ध सर्जकको प्रतिमा निर्माण गर्न सकिने छ ।

**१२, पुस्तकालय :**

(१) पठन एवम् अध्ययन संस्कृतिको विकास गर्न नगरका प्रत्येक वडाको आवश्यक ठाउँमा इन्टरनेटको अडियो भिजुअल सहितको पुस्तकालय स्थापना गरिने छ ।

(२) अध्ययन संस्कृतिलाई वढावा दिन आवश्यकता अनुसारका घुम्ती कार्यक्रम सञ्चालन गरिने छन् ।

**१३, अवलोकन भ्रमण :**

साहित्य, कला र संस्कृतिको सहप्रवर्द्धनका लागि अन्य ठाउँका त्यस्ता गतिविधिको समेत अवलोकन भ्रमण गरेर त्यसको सिकाई नगरमा लागू गरिने छ ।

**१४, पुरस्कार र सम्मान राशीको सान्दर्भिकता :**

साहित्य, कला र संस्कृतिका क्षेत्रका लेखनवृत्ती, पुरस्कार, सम्मानको रकममा सान्दर्भिकता अनुसार व्यवस्थापन गर्दै लगिने छ ।

**२५, वचाउ :** (१)यो कार्यविधि लागू हुनुभन्दा पहिले कार्यविधिमा उल्लिखित विषयमा भएका कामकारवाहीहरु यसै कार्यविधि अन्तरगत भए गरेको मानिनेछ ।

(२) यस कार्यविधिमा उल्लेख भएका विषयहरु यसै वमोजिम हुनेछन् र उल्लेख नभएका विषयहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछन ।